आज मिति २०७९ माघ २७ गतेका दिन यस गाउँपालिकाका उपाध्यक्ष श्री भुपेन्द्रा बुढाज्यूको अध्यक्षतामा यस गाउँपालिकाअन्तर्गत रहेका विभिन्न साझेदार संघ-संस्थाहरुसँग समन्वयात्मक बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| भुपेन्द्रा बुढा | गाउँपालिका उपाध्यक्ष |
| समिर गिरी | नि.प्रमुख प्रशासकीय अधिकृत |
| शिब लाल शर्मा | परियोजना अधिकृत (प्राक्टिकल एक्सन) |
| दिपेन्द्र भुजेल | परियोजना अधिकृत (समुन्नति परियोजना) |
| मदन खड्का | परियोजना अधिकृत(HDC Nepal) |
| लक्ष्मण विष्ट | कार्यक्रम अधिकृत(DEPROSC Nepal) |
| बेरजङ पुन | PC(डिकोस समुन्नति परियोजना) |
| उत्तम वि क | परियोजना संयोजक (मिक नेपाल) |
| सुवोध ~~मौत्तम~~ लामिछाने | फिल्ड सहजकर्ता (~~मिक नेपाल~~) (DEPROSC Nepal) |
| दान बहादुर कार्की | PGRMO(Fairmed Nepal) |
| पुकार श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| भीम प्रकाश के सी | पशु सेवा शाखा प्रमुख |
| ओम प्रकाश ओली | कृषि विकास शाखा प्रमुख |
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| अर्जुन सेन | रोजगार सहायक |
| राज सेन | सब-इन्जिनियर |
| चीजमाया पुन | लघु उद्यम विकास सहजकर्ता |

**आमन्त्रित:-**

| | |
|---|---|
| पुनिराज घर्ति मगर | गाउँपालिका अध्यक्ष |

Scanned with CamScanner

**प्रस्तावहरु :-**

१. गाउँपालिका भित्र संन्चालित कार्यक्रमहरुको समिक्षा समबन्धमा ।

२. महिला मेला (शिविर) कार्यक्रममा सहयोग तथा समन्वय सबन्धमा ।

३. नियमित समिक्षा कार्यक्रम सम्बन्धमा ।

४. आगामी वर्षको लागी कार्यक्रम पेश गर्ने सबन्धमा ।

५. गाउँपालिका स्तरिय अपाङ्गता भएका ब्यक्तिहरुको संन्जाल गठन सबन्धमा ।

पुथा उत्तरगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णयहरु:-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ उपर छलफल गर्दा यस पुथा उत्तरगंगा गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सम्पुर्ण सरकारी तथा गैर- सरकारी संघ संस्थाहरुले हाल सम्म सम्पादन गरेका कार्यक्रमहरुको प्रगति विवरणहरुको बारेमा विस्तृत छलफल तथा समिक्षा गरियो । साथै आगामी कार्यक्रमहरु संन्चालन/सम्पन्न गर्दा पुथा उत्तरगंगा गाउँपालिकाको समन्वय तथा सहकार्यका संन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** प्रस्ताव नं. २ उपर छलफल गर्दा यस पुथा उत्तरगंगा गाउँपालिकाको आयोजनामा मिति २०७९।११।०४ र ५ गते संन्चालन हुने प्रजनन् स्वास्थ्य सम्बन्धि महिला मेला (शिविर) कार्यक्रम सम्पन्न गर्नका लागी गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सबै संघ संस्थाहरुले आवश्यक सहयोग र सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ उपर छलफल गर्दा पुथा उत्तरगंगा गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सम्पुर्ण संघ संस्थाका प्रमुखहरुसंग नियमित प्रत्येक ३/३ महिनाको फरकमा महिनाको अन्तिम शुक्रबार समिक्षा बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-** प्रस्ताव नं. ४ उपर छलफल गर्दा विभिन्न संघ संस्थाहरुले आगामी वर्ष २०८०/०८१ मा संन्चालन गर्ने सम्पुर्ण कार्यक्रमहरु गाउँसभाबाट पारित गर्नका लागी गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:-** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस पुथा उत्तरगंगा गाउँपालिका भित्र रहेका सबै अपाङ्गता भएका ब्यक्तिहरुको संन्जाल गठन गर्नका लागी मिति २०७९ साल फाल्गुन महिना भित्र गाउँपालिका भित्र काम गर्ने सबै संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितीमा गठन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner